उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं ०४६-६९१९२७

पत्र सङ्ख्या:-०७९/०८०
चलानी नं:-

मिति : २०७९/१०/१८

**सूचना !** **सूचना!!** **सुचना !!!**

विषय : डढेलो नियन्त्रण सम्वन्धमा।

प्रस्तुत विषयमा यस उमाकुण्ड गाउँपालिका वडा नं. १ र २ को सिमानामा रहेको चामारु जङ्गलमा मिति २०७९/१०/१५ गते देखि डढेलो लागिरहेको र डढेलो नियन्त्रणको लागि उमाकुण्ड गाउँपालिकाबाट यस गाउँपालिका क्षेत्रमा रहेको सुरक्षाकर्मीहरु, जलविद्युत आयोजना, गौरीशंकर संरक्षण क्षेत्र लगायत विभिन्न सरोकारवालाहरुको पहलमा दैनिक रुपमा आगो नियन्त्रणको प्रयास भईरहेको सर्वविदितै छ। मिति २०७९/१०/१७ गते गाउँपालिकाबाट गाउँपालिका उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत, वडा नं. १ र वडा नं. २ का वडा अध्यक्ष, अन्य जनप्रतिनिधि, कर्मचारी, नेपाल आर्मी र नेपाल प्रहरी लगायत सुरक्षाकर्मीहरुको संयुक्त प्रयासमा डढेलो नियन्त्रण गर्न खोज्दा पनि बस्ती स्तर जोगाउन बाहेक डढेलो नियन्त्रण गर्न नसकिएको हुँदा यस डढेलो नियन्त्रण गर्न सम्पूर्ण उमाकुण्ड बासी लगायत सरोकारवाला सबैमा सहयोग गर्नुहुन हार्दिक अनुरोध गरिन्छ साथै डढेलो नजिक रहेको बस्तीका मानिसहरु सुरक्षित हुन तथा गोठहरु सुरक्षित स्थानमा सारी सुरक्षित हुन समेत अनुरोध गरिन्छ।

Dkrishna bc
२०७९/१०/१८

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत